म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २०७ | शनिबार, ३० फागुन २०८२ | ने. सं. ११४६ चिल्लागा | 14 March 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा अस्पतालमा एमआरलाई रोक

हेटौंडा, २९ फागुन/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालित हेटौंडा अस्पतालले अस्पताल परिसरभित्र औषधि कम्पनीका प्रतिनिधि (एमआर) लाई प्रचारप्रसारसम्बन्धी गतिविधि नगर्न निर्देशन दिएको छ । अस्पताल प्रशासनले शुक्रबार जारी गरेको सूचनामा ओपीडी समयमा विभिन्न औषधि कम्पनीका मेडिकल रिप्रेजेन्टेटिभ (एमआर)ले ड्युटीमा रहेका चिकित्सकसँग भेटघाट गर्ने गर्दा उपचाररत बिरामीलाई असुविधा भएको उल्लेख गरिएको छ । यसले अस्पताल जस्तो संवेदनशील स्थानको वातावरणमा समेत नकारात्मक असर परेको जनाइएको छ । अस्पताल परिसरभित्र औषधि कम्पनीका व्यावसायिक प्रतिनिधिले आफ्नो कम्पनीको औषधि तथा अन्य सामग्रीको प्रचारप्रसारसम्बन्धी गतिविधि नगर्न अस्पतालले सचेत गराएको हो । सूचनाको अवज्ञा गरी यस्तो कार्य गरेको पाइएमा प्रचलित नियमअनुसार कारबाही गरिने जनाइएको छ ।

### खेलकुद विकास समितिलाई उद्देश्यअनुरुपको कार्य गर्न मुख्यमन्त्री बानियाँको आग्रह

## 'खेलकुदलाई व्यापार-व्यवसायसँग नजोडौँ'

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले खेलकुद विकास समितिलाई उद्देश्य अनुरुपको कार्य गर्न आग्रह गरेका छन् ।

जिल्ला खेलकुद समिति मकवानपुरको आयोजनामा शुक्रबार देखि हेटौंडा-१० टिसिएनचौरमा सुरु भएको दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले खेलकुदलाई व्यापार-व्यवसायसँग जोड्न नहुने बताएका हुन् । जुन उद्देश्यले खेलकुद विकास समिति स्थापना गरिएको हो, सोहीअनुरुपको कार्य गर्नुपर्ने उनको धारणा छ । खेलकुदसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । मुख्यमन्त्री बानियाँले प्रदेश गौरवको योजनाका रुपमा रहेको गौरीटार रंगशालामा थप खेलपूर्वाधार निर्माणको तयारी भइरहेको जानकारी दिएका छन् ।



करिब एक अर्ब रुपैयाँ लागतमा रंगशालामा अत्याधुनिक संरचना विस्तार गरी भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उनले बताए । 'यहाँ हाम्रो गौरीटार रंगशाला छ, त्यहाँ थोरै बजेट खर्च गरेर केही काम पनि भएको छ', मुख्यमन्त्री बानियाँले भने, 'अब त्यहाँ प्रदेश सरकारले एक अर्ब बढी बजेट लगानी गरेर अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता सञ्चालन गर्ने स्तरीय संरचना निर्माण गर्नेछ ।' यो स्थानमा खेलकुद मैदान, स्वीमिङ पुल, ब्याडमिन्टन, क्रिकेट, बास्केटबल, फुटबललगायत सबै किसिमका खेलकुद प्रतियोगिता गर्न सकिने किसिमको संरचना निर्माण गरिने उनको भनाइ थियो ।

उनले खेलाडीहरु समाज र देशकै गौरव भएको उल्लेख गर्दै खेलकुद क्षेत्रको विकासमा सबैको सहकार्य आवश्यक रहेको बताए । मुख्यमन्त्री बानियाँले फागुन २१ गते सम्पन्न चुनावबाट देशले नयाँ जनादेश प्राप्त गरेको बताएका छन् । जनभावनालाई सम्बोधन गर्दै पर्यटन, कृषि र खेलकुद क्षेत्रको विकासमा अब बन्ने संघीय सरकारले विशेष ध्यान दिने अपेक्षा पनि उनले व्यक्त गरे । संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारबीच सहअस्तित्व र समन्वय आवश्यक रहेको उनको भनाइ थियो । १५ दिनसम्म सञ्चालन हुने महोत्सवअन्तर्गत विभिन्न ६ विधाका खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

कार्यक्रमअनुसार फागुन २९ र ३० गते जिल्लास्तरीय ब्याड्मिन्टन प्रतियोगिता, चैत्र १ देखि ३ गतेसम्म जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिता, चैत्र ४ देखि ८ गतेसम्म राष्ट्रिय महिला भलिबल प्रतियोगिता, चैत्र ९ र १० गते जिल्लास्तरीय कराँते प्रतियोगिता तथा चैत्र ११ देखि १३ गतेसम्म राष्ट्रिय तेक्वान्दो प्रतियोगिता आयोजना गरिनेछ । खेल, व्यापार, कृषि र पर्यटनलाई एउटै थलोमा जोड्ने उद्देश्यसहित महोत्सव आयोजना गरिएको खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानले बताए । खेलकुदबाट खेलाडी विदेश पलायन भइरहेको अवस्थालाई मध्येनजर गरेर व्यावसायिक खेलकुदमा खेलाडीलाई जोड्ने लक्ष्य लिएको उनको भनाई छ ।

महोत्सवअवधिभर राष्ट्रिय तथा स्थानीय कलाकारको सांगीतिक प्रस्तुति रहनेछ । महोत्सवबाट बचत हुने रकम जिल्ला खेलकुद विकास समिति मकवानपुरको भवन निर्माण तथा खेलसामग्री खरिदमा खर्च गर्ने लक्ष्य आयोजकले लिएको छ । खेलक्षेत्रमा योगदान पुर्‍याएका १० जना व्यक्तित्वलाई जनही २५ हजार रुपैयाँसहित सम्मान गर्ने तयारी गरिएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, ११ नं. वडा अध्यक्ष जुना दाहाल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

### खुलादौडः पुरुषमा हेम्जन र महिलामा लोप्चन प्रथम

हेटौंडामा सञ्चालित बृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सवअन्तर्गत पहिलो दिन जिल्लास्तरीय महिला तथा पुरुष १० किलोमिटर खुलादौड प्रतियोगिता सम्पन्न भएको छ । शुक्रबार बिहान हेटौंडामा १० किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा पुरुषतर्फ राक्सिराङ १ का सुवास हेमजन प्रथम भएका छन् । अन्य २२ प्रतिस्पर्धीलाई उछिन्दै हेमजनले प्रथम स्थान हाँसिल गरेका हुन् । दौडमा मनहरी-८ का सन्दीप विक द्वितीय र बकैया-८ का राजकुमार गोले तृतीय भए । यस्तै महिलातर्फ हेटौंडा-१३ की साधना लोप्चन प्रथम भइन् । उनले अन्य ६ प्रतिस्पर्धीलाई पछिपार्दै महिला दौडको उपाधि जितेकी हुन् । महिलातर्फ हेटौंडा-१३ कै अमृता मोक्तान द्वितीय, हेटौंडा-४ की सुविना गोले तृतीय र राक्सिराङ-१ की निलिमा थिङ सान्त्वना भइन् । दुवैतर्फको प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः २० हजार, १० हजार, ५ हजार र एकहजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको आयोजकले जानकारी दिएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा खेलकुद महोत्सव भएको हो । महोत्सवअन्तर्गत विभिन्न ६ विधामा खेलकुद प्रतियोगिता हुनेछ । दौडमा इच्छा भएका खेलाडीको पहिचान सहित खेलक्षेत्रको विकासका निम्ति जिल्लास्तरीय महिला तथा पुरुष दौडको आयोजना गरिएको खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष मोक्तानले जानकारी दिए । शुक्रबार बाटै जिल्लास्तरीय डबल्स ब्याड्मिन्टन प्रतियोगिता सुरु भएको छ । हेटौंडा-११ थानाभञ्ज्याङस्थित कभर्ड हलमा मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवम् खेलकुदप्रेमी अरुणराज सुमार्गीले ब्याड्मिन्टन प्रतियोगिताको उद्घाटन गरेका हुन् ।

ब्याड्मिन्टन प्रतियोगिताको विजेताले २० हजार, उपविजेताले १० हजार तथा सान्त्वनाले ५/५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजक मकवानपुर खेलकुद विकास समितिका सदस्य मदन उप्रेतीले जानकारी दिए ।

## वायु प्रदूषणले नेपालमा बर्सेनि ४२ हजार मानिसको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ वायु प्रदूषणका कारण नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको मृत्यु हुने गरेको तथ्यांक सार्वजनिक भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले तीमध्ये २१ प्रतिशत मृत्यु पाँच वर्षमुनिका बालबालिका रहने गरेको बताएका छन् । वायु प्रदूषणका कारण श्वासप्रश्वास सम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्चरक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या देखिने गरेको उनले बताए । प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषण देखिनु जस्ता समस्या देखिने गरेका विज्ञहरुले बताउने गरेका छन् ।

कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनु जस्ता समस्या आउने गरेका छन् । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा.बुढाथोकीले जानकारी दिए । नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उनले बताए । डब्लुएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्मकणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन ।

सूक्ष्मकण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले स्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा.बुढाथोकीले बताए । नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उनले बताए । वायुगुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ्य, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह ज्येष्ठनागरिक, दीर्घरोग र बालबालिकाका लागि हानिकारक मानिन्छ । वायु गुणस्तर सूचक १५१ भन्दा माथि भएमा अस्वस्थ्य मानिने गरेको छ ।

यसलाई डब्लुएचओको मापदण्डभित्र पुर्‍याउन सके हरेकवर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ ।

वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन् । वायु प्रदूषण सवारीसाधनबाट निस्केको धुँवा, औद्योगिक उत्सर्जन, खुलारुपमा फोहर तथा जैविकपदार्थ जलाउँदा निस्कने धुँवा, सडक र निर्माणकार्यको धुलो, वन डँढेलो र कीटनाशक र विषादिको प्रयोगलगायतबाट हुने गरेको छ ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ मकवानपुरमा दुई स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा शुक्रबार दुई जनाको मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडा उपमहानगर पालिका-१९ नेवारपानीमा बिहान कन्टेनर र ट्रक ठोक्किँदा कन्टेनर चालकको मृत्यु भएको हो । सर्लाही बरहथवा नगरपालिका-१५ पिपराभिट्टा घरभई हाल पर्सा वीरगञ्ज महानगरपालिका-२ छपकैया बस्ने ३८ वर्षीय गोविन्द चौधरीको मृत्यु भएको हो ।

हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ४ ख ९९२३ नम्बरको कन्टेनर र चितवनबाट वीरगञ्जतर्फ आउँदै गरेको बा.प्र. ०३-००१ ख ०३९८ नम्बरको खाली ट्रक एकआपसमा ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा कन्टेनर चालक चौधरी स्टेरिङमा च्यापिएका थिए । प्रहरी र स्थानीयवासीको सहयोगमा उनको उद्दार गरी उपचारका लागि हेटौंडास्थित चुरेहिल अस्पताल लगिएको थियो । उपचारकै क्रममा चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ट्रक चालक चितवन खैरहनी नगर पालिका-९ का ४२ वर्षीय धनेश्वर चौधरी भने सकुशल रहेका छन् । उनलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरी मकवानपुरको मनहरी गाउँपालिका-८ मा सिम्पानीतर्फ आउँदै गरेको अटो नालीमा कोल्टे परेर दुर्घटना हुँदा मनहरी गाउँपालिका ढकालटोलका ६५ वर्षीय रेशम उप्रेतीको मृत्यु भएको छ । ना २ ह ३२३४ नम्बरको अटो ब्रेक फेल भएर नालीमा पल्टिँदा अटोमा गम्भीर घाइते भएका उप्रेतीको चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## १३ विद्यार्थीलाई 'झलकचन्द्र शिक्षा ज्योति' छात्रवृत्ति प्रदान




साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ थाहा नगरपालिकास्थित जनकल्याण माध्यमिक विद्यालयका १३ जना विद्यार्थीलाई 'झलकचन्द्र शिक्षा ज्योति छात्रवृत्ति' प्रदान गरिएको छ ।

विद्यालयमा कक्षा १०, ११ र १२ मा प्राविधिक तथा विषयगत संकायमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको हो । विद्यालयका संस्थापक अध्यक्ष झलकचन्द्र बिष्टको स्मृतिमा उनका छोरा सुवासचन्द्र बिष्टले स्थापना गरेको अक्षयकोषबाट प्राप्त ब्याज रकमबाट छात्रवृत्ति वितरण गरिएको विद्यालयले जनाएको छ । बिष्टले आफ्ना बुबाको सम्झनामा ५ लाख रुपैयाँको अक्षयकोष स्थापना गरेका छन्, जसबाट हरेकवर्ष विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजीवकुमार स्याङ्तानको अध्यक्षतामा सम्पन्न छात्रवृत्ति वितरण कार्यक्रममा थाहा नगरप्रवक्ता हिरेन्द्रकुमार रायमाझी, झलकचन्द्र शिक्षा ज्योति कोषका अध्यक्ष सुवासचन्द्र बिष्ट, कोषका सचिव बिमलकुमार बिष्ट, जनकल्याण माध्यमिक विद्यालयका निवर्तमान प्रधानाध्यापक सानोभाइ कार्की, प्रधानाध्यापक रामकुमार बल, शिक्षक अभिभावक संघका अध्यक्ष नवराज कार्की, जनकल्याण एल्मुनाइ एसोसिएसनका सदस्य शम्भु अधिकारीलगायतको उपस्थिति रहेको थियो । कोषका अध्यक्ष बिष्टले आगामी दिनमा अक्षयकोषको रकम वृद्धि गरी अझ धेरै विद्यार्थीलाई छात्रवृत्तिको दायरामा समेट्ने योजना रहेको बताए । विद्यालयले छात्रवृत्ति स्थापना गरी विद्यार्थीलाई प्रोत्साहन गरेकोमा बिष्ट परिवारप्रति धन्यवाद व्यक्त गरेको छ ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# हार्डवेयरमा प्रवेश गर्दै च्याट जिपिटी निर्माता, स्मार्ट चस्मा बनाउँदै




च्याटजीपीटी निर्माता कम्पनी ओपन एआई अब केवल सफ्टवेयरमा मात्रै सीमित रहन चाहँदैन । स्मार्ट हार्डवेयरको क्षेत्रमा समेत प्रवेश गर्ने तयारी ओपन एआईले गरिरहेको छ।

हालै सार्वजनिक भएका रिपोर्टहरूका अनुसार ओपन एआईले एआई-पावर्ड स्मार्ट डिभाइसहरूको निर्माणको कामलाई तीव्र गतिमा अघि बढाइरहेको छ । यस अन्तर्गत कम्पनीले स्मार्ट चस्मा र स्मार्ट स्पिकरदेखि स्मार्ट बत्तीसम्म तयार पारिरहेको बताइएको छ । यस्ता स्मार्ट हार्डवेयर निर्माणको उक्त महत्वाकांक्षी परियोजनाका लागि ओपन एआईमा करिब २०० भन्दा बढी कर्मचारीहरूको टोली खटिएको छ।

समाचार अनुसार ओपन एआईले बजारमा लन्च गर्ने सबैभन्दा पहिलो हार्डवेयर डिभाइस चाहिँ क्यामेरासहितको एडभान्स स्मार्ट स्पिकर हुने अपेक्षा गरिएको छ । उक्त स्पिकरमा इन-बिल्ट क्यामेरा रहनेछ । यसले प्रयोगकर्ता मात्र होइन, वरपरको वातावरणलाई पनि पहिचान गर्नसक्ने क्षमता राख्नेछ ।

ओपन एआईको उक्त प्रोजेक्ट निकट स्रोतहरूका अनुसार, यसमा वस्तु पहिचान गर्ने प्रविधि अर्थात् अब्जेक्ट रिकग्निसन टेक्नोलोजी प्रयोग गरिनेछ । यसमार्फत स्मार्ट स्पिकरले नजिकै टेबलमा राखिएका वस्तुहरू पहिचान गर्न र वरपर भइरहेको संवादको सन्दर्भ बुझ्न सक्नेछ ।

यसका साथै, क्यामेरामा एप्पलको 'फेस आइडी' जस्तै फेशियल रिकग्निसन सुविधा पनि हुनेछ । यसले प्रयोगकर्तालाई अनुहार देखाएरै किनमेल वा भुक्तानी प्रमाणीकरण गर्ने सुविधा दिनेछ ।

ओपन एआईले सन् २०२७ को सुरुवाततिर स्मार्ट स्पिकर बजारमा ल्याउन सक्ने बताइएको छ।

त्यस्तै सन् २०२८ सम्ममा कम्पनीले स्मार्ट चश्मा पनि बजारमा ल्याउने गरी काम गरिरहेको छ। स्मार्ट चश्माको क्षेत्रमा हाल मेटाको दबदबा रहेको अवस्थामा ओपन एआईको प्रवेशपछि प्रतिस्पर्धाको वातावरण सिर्जना हुने अपेक्षा गरिएको छ।

त्यस्तै ओपन एआईले स्मार्ट ल्याम्पको प्रोटोटाइप तयार गरिसकेको भए पनि, उपभोक्ता बजारमा यसलाई कहिले औपचारिक रूपमा ल्याइने भन्ने विषय अझै खुल्न सकेको छैन।

**एप्पलका पूर्व दिग्गज डिजाइनरको नेतृत्व**

हार्डवेयर क्षेत्रमा आफ्नो प्रभाव जमाउने लक्ष्यसहित ओपन एआई कम्पनीले गत वर्ष दिग्गज कम्पनी एप्पलका चर्चित डिजाइनर जोनी इभको स्टार्टअप आइओ प्रडक्टसलाई साढे ६ अर्ब अमेरिकी डलरमा खरिद गरेको थियो।

सन् १९९० को दशकदेखि सन् २०१९ सम्म एप्पलका प्राय: सबै प्रमुख डिभाइसहरूको डिजाइनमा मुख्य भूमिका खेलेका जोनी इभले अहिले ओपन एआईका नयाँ हार्डवेयर प्रोडक्टहरूको विकासको नेतृत्व गरिरहेका छन् ।

**चुनौती र गोपनीयताको प्रश्न**

हुनत ओपन एआईको व्यापक तयारी र अनुभवी नेतृत्वका बाबजुद स्मार्ट हार्डवेयर विकास गर्ने कम्पनीको परियोजनाको बाटो सजिलो भने छैन । ठूलो स्तरमा एआई डिभाइस सञ्चालन गर्न अत्यधिक कम्प्युटिङ पावर आवश्यक पर्ने भएकाले प्राविधिक र लजिस्टिक चुनौतीहरू देखिएका छन् । जसका कारण परियोजनामा ढिलाइसमेत भइसकेको छ।

साथै गोपनीयताको विषय सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिएको छ । सधैंभरि प्रयोगकर्तालाई 'सुन्ने' र 'देख्ने' क्षमता भएका स्मार्ट डिभाइसप्रति उपभोक्ताहरू स्वाभाविक रूपमा सशंकित हुन सक्छन् । त्यसैले, प्रविधिसँगै विश्वास जित्नु पनि ओपन एआईका लागि सबैभन्दा महत्वपूर्ण चुनौति हुने देखिएको छ ।

**स्वास्थ्य**

# यौन सम्बन्धबारे रोचक तथ्य थाहा छ ? नेपालमा छन् यस्ता भ्रम



काठमाडौं/यौन सबै सजिव प्राणीको आवश्यकता हो । यौन सम्बन्धले मानव जीवनमा धेरै महत्व राख्दछ वैवाहिक जीवनमा यसले धेरै प्रभाव परेको हुन्छ । नेपाली समाजमा विवाहपश्चात् मात्रै यौनसम्पर्कलाई वैधता दिइन्छ । यद्यपी पछिल्लो समय विवाह अघि पनि मानिसहरु प्रेम र यौन सम्बन्धलाई सँगै लैजान्छन् । यद्यपी यौन बारे नेपाली समाजमा निकै भ्रामक कुराहरु फैलाइएको छ । यौनसम्पर्क अगाडी हुने मायाको अभिव्यक्तिले यौन जीवन सुखमय हुन्छ भन्ने ज्ञान जोडीहरुलाई छैन । त्यसैले पनि अक्सर जोडीको यौन जीवन सुखमय छैन । हाम्रा विद्यालयमा अझै पनि यौन शिक्षा दिँदा धेरै छात्राहरु विद्यालय नै आउँदैनन् । हामीले विभिन्न एजेन्सीको सहयोगमा केहि तथ्य, यथार्थ र भ्रम यहाँ प्रस्तुत गरिएको छ ।

**कति समय हुन्छ चरम सुख ?**

यौन सम्बन्धको बेला समयले निकै महत्व राख्दछ । धैरै पुरुष आफू यौन सम्पर्क राख्दा निकै कम समय टिकेको र छोटो समयमा नै स्खलन भएको भनी हीनता बोध गर्दछन । र तिनका पार्टनरको गुनासो हुन्छ मलाई मज्जा नै नआई उसलाई पुग्यो । विभिन्न सञ्चार माध्यममा राखिएका यौन सम्बन्धि कार्यक्रममा पनि अक्सर यस्ता गुनासो आइरहेको हुन्छ । यसको कारण उनीहरुले आफ्नो पार्टनरलाइ सन्तुष्ट बनाउन सकिन कि भन्ने कुराले पिरोल्छ । तर, एक सर्वेक्षणका अनुसार अधिकांश मानिसको यौन समय करीब बराबर नै रहन्छ । अर्थात् अधिकांश जोडीहरु यौन सम्बन्धमा १२ मिनेटसम्म टिक्छन् सेक्स टोय बनाउने एक कम्पनीले गरेको सर्वेक्षणमा ४३२ जोडी संलग्न थिए जसले २ हजारभन्दा बढी समय यौन सम्पर्क राखेका थिए । उनीहरुसँग उनीहरुको यौन जीवनको बारेमा सोध्दा एक अचम्मको तथ्य फेला परेको थियो ।

**१२ मिनेट मात्रै ?**

सर्वेक्षणको नतिजाले अधिकांश जोडी यौन सम्पर्क राख्दा केवल १२ मिनेट टिक्ने गरेको देखाएको छ । १२ मिनेट निकै कम समय भएको लाग्दछ । तर, अध्ययन प्रतिवेदनमा यो केवल पेनिट्रेसनको मात्रै समय हो कि अथवा फोरप्लेसहितको समय हो भन्नेबारे भने उल्लेख गरिएको छैन ।

**क्लाइमेक्समा १२ मिनेटभन्दा बढी समय**

यौन विशेषज्ञहरुका अनुसार महिलालाई क्लाइमेक्समा पुग्न करीब १२ मिनेटको समय लाग्छ । त्यस्तै, एक अर्को शोधले भने यौनको पूरा समय ३० मिनेटभन्दा कम भएमा महिला चरमोत्कर्षमा पुग्न नसक्ने देखाएको छ । हो, अधिकांश नेपाली महिलाहरुले यसकारण चरम यौन सन्तुष्टि लिन सकेका छैनन् ।

**समयभन्दा अनुभव महत्त्वपूर्ण**

कुनै पनि जोडीको सम्बन्ध प्रगाढ बन्न उनीहरुको यौन जीवन पनि राम्रो र स्वस्थ हुनु जरुरी छ । तर, यौनसम्पर्कका क्रममा समयमा भन्दा यौन अनुभवमा ध्यान दिनु बढी महत्त्वपूर्ण हुन्छ । यसले नै यौनलाई आनन्दमय बनाउन सक्छ ।

**यौन सन्तुष्टिबारे महिलाहरुले झुट बोल्छन्**

यौन मामिलामा अर्को रोचक तथ्य पनि छ । त्यो हो यौन सन्तुष्टिबारे महिलाहरुले झुट बोल्छन् । हो, यौन सम्बन्धमा महिलाहरु त्यति खुलेर कुरा गर्दैनन् । उनीहरु यौन सन्तुष्टिको विषयमा झुट बोल्ने गर्छन् । उनीहरु आफु सन्तुष्ट नभए पनि आफ्नो पाटनरसंग जुटो बोल्ने गर्छन् । उनीहरुको अक्सर जवाफ हुन्छ । हजुर मलाई मजा भयो । तर महिलाहरु साँच्चीकै यौनसन्तुष्टिको कारण नभइ कतिपय अवस्थामा पार्टनरको रेस्पेक्ट र उनीहरुलाई गरेको प्रेमको कारण पनि यस्तो झुटो बोल्ने गरेको अनुसन्धानले देखाएको हो । कतिपय अध्ययन प्रतिवेदनले महिलाहरु यौन सन्तुष्टि नपाए पनि आफ्नो यौनजोडीसँग आफूले सन्तुष्टि प्राप्त गरेको भनी झूट बोल्ने फेक अर्गाजम गरेको देखाइसकेका छन् । तर, उनीहरु किन यस्तो गर्छन् त भन्ने प्रशनको जवाफमा ति शोध अनुसन्धानले देखाएका छन्

**१. पुरुषको अहम् :** महिलाको फेक अर्गाजमको पछाडि धेरै कारण हुन्छन् । त्यसमध्ये एक हो पुरुषको अहम् । पुरुषहरु महिलालाई बेडमा सन्तुष्ट गर्ने कुरालाई आफ्नो अहम् अथवा इगोको रुपमा लिन्छन् । त्यसैले पुरुषको अहममा ठेस नपुगोस् भनेर उनीहरु झुट बोल्छन् । पुरुषहरु बेडमा पार्टनरलाई यस्तो भ्रमित पार्छन् कि उ नै संसारको सबैभन्दा बलबान् शक्तिशालि र यौन सन्तुष्ट दिने व्यक्ति हो । उनीहरुको यहि भावनामा डराएर, रेस्पेक्ट दिन, माया दर्शाउन महिलाहरुले आफूलाई ब्यग्र मजा नआएतापनि सन्तुष्ट भएको झुटो बयान दिन्छन् ।

**२. अन्योलमा रहनु :** केही महिलाले आफू अर्गाजममा नपुगे पनि आफूले अर्गाजममा नपुगेको रियाक्सन देखाएमा पुरुष पार्टनरले त्यसलाई कुन रुपमा हेर्छन् भन्ने विषयमा अन्योलमा रहन्छन् । यही अन्योलका कारण उनीहरुले अवास्तविक हाउभाउका साथ फेक अर्गाजमको सहारा लिने गर्छन् ।

**३. मूड नहुनु :** महिलाहरु कतिपय अवस्थामा यौनका लागि तयार नभएका हुन सक्छन् । जस्तोको लामो यात्रपछि, बिरामीपछि निको भएको अवस्थामा महिनावारी नरोकिँदै, यौनांगमा कुनै घाउ भएमा वा स्वास्थ्यसँग सम्बन्धित कुनै समस्या आएको अवस्थामा यदि यौन सम्पर्क भइहाले पनि उनीहरु चरममा पुग्न सक्दैनन् । तर, उनीहरु आफ्नो पार्टनरको विश्वासमा कमी नआओस् भन्ने हेतुले झूटको सहारा लिन्छन् ।

**४. नर्भस हुनु :** पुरुषले कम्फोर्टेबल महसूस गरेपनि महिलाले कम्फोर्टको अनुभूति नगरी चिन्तित हुन सक्छन् । यसको प्रभाव यौनमा पर्छ र महिलाले आफूले आनन्द नलिए पनि पार्टनरको अनुभवलाई राम्रो बनाइदिन आफू खुसी र सन्तुष्ट भएको फेक अर्गाजम गर्छन् ।

**५. दबाब :** कतिपय अवस्थामा पुरुषले आफू चरममा पुग्न लाग्दा महिलालाई पनि चरममा पुगे/नपुगेको बारे सोध्ने गर्छन् र क्लाइमेक्समा जान भन्दछन् । तर, यौन सन्तुष्टि होस् भनेर हुने वस्तु होइन । यो जबरजस्ती गरेर भन्न लगाउने बानीको दबाबमा उनीहरुले झुटको सहारा लिन्छन् र मज्जा आएको आभाष गराइदिन्छन् ।

**साहित्य**

आधुनिक कथा

# हवाइजहाजको गर्भ भित्र

✍गोविन्द बहादुर मल्ल 'गोठाले'

हवाइजहाजको ढोका बन्द भयो । सँगसँगै इन्द्रभक्तको शरीरका सारा तन्तु सामसुम भए । अब त्यहाँ पालम छैन, एयरपोर्टको गञ्जागोल छैन, बराबर हवाइजहाज उड्दा, ओर्लंदा भइरहने एयरपोर्टको चित्कार पनि छैन । खाली छ त हवाइजहाजको कोठा, जुन संकुचित गर्भ समान छ र त्यो गर्भमा मानिस, जिउँदा मानिसका ताँती चुपचाप बसेका छन् ।

कति चाँडो भर्खर अघि मात्रको कुरा इन्द्रभक्तलाई अवास्तविक लाग्यो । अघि मात्र उसलाई सी अफ गर्न आउने साथी रामकृष्ण उसको मानसपटलबाट कतै हराएजस्तो लाग्यो । एयरपोर्टमा पासपोर्ट जाँच्ने पुलिस कस्टममा माल जाँच्ने मान्छे सबै विस्मृतितिर लम्कँदै गए । मानौ ती सबै माया हुन्, यथार्थ त खाली यो जहाजको गर्भ र चुपचाप बसेका मानिसका ताँती । उसँगै एउटा धम्मरधुस सेतो मानिस, जो झ्यालसँगै थियो र जो अंग्रेज हुनसक्छ, अमेरिकन हुनसक्छ अथवा अरू कोही हुनसक्छ, इन्द्रभक्तलाई देखेर पनि हेरेर बसेको थियो । मानौ उसको आफ्नै दुनियाँ छ र ऊ त्यसैमा तल्लिन छ । इन्द्रभक्तको पनि दुनियाँ छ, जुन उसको आफ्नै हो, अरू कसैको होइन । त्यस्तै ती ताँतीमा बसेकाहरूको पनि आफ्नै छुट्टाछुट्टै दुनियाँ छ । सबै छुट्टाछुट्टै व्यक्ति हुन् तर हवाइजहाजको गर्भभित्र आफ्नो आफ्नो लक्ष्य नपुगेसम्म एउटै प्रारब्ध लिएर तिनीहरू बसेका छन् । इन्द्रभक्तको पनि त्यही त्यस्तै प्रारब्ध छ । हवाइजहाज स्टार्ट भएको शब्द आयो, बजिरहेको बाफय सङ्गीतको धुनमा त्यो शब्द अलमलिएर मिसियो । इन्द्रभक्तले अघिपछि बसेका ताँतीलाई हेर्‍यो । एउटा गोराले अखबारमा आँखा ओर ल्यो, एउटी गोरी आइमाईले फुकालेको चश्मा लगाई र एक हिन्दुस्तानीले आँखा चिम्ल्यो । मानौ तिनीहरू जहाजभित्र भएको उद्वेगलाई वास्ता गरेर पनि बेवास्ता गरेझैं थिए । अब इन्द्रभक्तको पिठले सिटमा धक्का दियो । जहाज गुट्क्यो । विस्तारै गुट्क्यो र गुटकिँदै गयो । अनि रनवेमा पुगेर एकछिन सशंकित भएझैं थामियो । फेरि गुट्क्यो र अहिले अघिभन्दा र फ्तारले गुट्क्यो । सी अफ गर्न उभिरहेका मानिसहरूको अभिवादनलाई बेवास्ता गर्दै गुट्क्यो । एयरपोर्टका घरहरूका ताँतीको माया त्यागेर गुट्क्यो । इन्द्रभक्तलाई यस्तो लाग्यो मानौ यो असार संसारमा कोही छैन, खाली ऊ अकेला छ र सँगमा खाली उसको प्रारब्ध मात्र छ । जहाज एक ठाउँमा पुगेर टक्क अडियो । होइन अझै पनि समय छ प्रारब्धको सामुन्ने आत्मर्समर्पण नगर्न ।

इन्द्रभक्तलाई अचानक चुरोट खान तलतल लाग्यो तर टेक अफ गर्न लाग्दा चुरोट खान मनाही छ । अचानक तूफानझैं चित्कार सुनियो । इन्द्रभक्त सोझो बस्यो । हवाइजहाजको अचानक गति आयो र वेगवती भएर गुट्क्यो । उसले सँगै बसेको मानिसको टाउको माथितिरबाट बाहिर हेर्‍यो । सारा रूखहरू र एयरपोर्टका घरहरू एकै पलकमा साना भए । अहिले मानौ उसले प्रारब्धको अघिल्तिर आत्मर्समर्पण गरेर उसले मुन्टो निहुरायो । हवाइजहाजले जमिन छोडिसकेको थियो र आकाशमा पुगिराखेको थियो । माथि, होइन अझमाथि, होइन अझैमाथि जहाज चढ्दै थियो । इन्द्रभक्तले फेरि झ्यालतिर हेर्‍यो । धरतीका टुक्राटुक्री यति सानसाना देखिए कि उसलाई धरती स्वयं असहाय लाग्यो । उसले सुस्केरा हाल्यो र फेरि एउटा लामो सुस्केरा हालेर आँखा चिम्ल्यो । बाजा बज्न थामिसकेको थियो । मानौ हवाइजहाजको गर्भ अब असाधारण छैन मानिसमा ताँती व्यवस्थित हुन खोजिरहेका थिए अथवा व्यवस्थित हुने बहाना गरिरहेका थिए । एउटी गोरी महिला सामुन्नेको शिरको पृष्ठ भागबाट तख्ता तानेर चिठ्ठी लेख्न सुरसार गर्न लागी । एउटा गोराले किताब खोल्यो । अर्को दुईजना गोराहरू अरू सबै बिर्सन खोज्दै आपसमा कुरा गर्न मसगुल भए । अघि देखिन् ध्यान मग्न भएको हिन्दुस्तानीले अहिले आँखा खोल्यो । आर्श्चर्यचकित भएर चारैतिर हेर्‍यो मानौ उसलाई अझै विश्वास छैन ऊ हवाइजहाजभित्र छ भनेर । इन्द्रभक्तले आँखा चिम्ल्यो । आफ्नो घर सम्झन खोज्यो । घरैघरको बीचमा अलमलिएर रहेको उसको घर उसलाई स्वप्निल लाग्यो, मानौ त्यो घरै अर्मूत छ । उसले आफ्नो आमा बाबुलाई सम्झ्यो तर ती सद अनुहार पनि उसलाई स्वप्निल लाग्यो, मानौ ती पनि अमूर्त हुन् । अनिद्रा र ऊ एकदम झस्क्यो!! ऊ किन यहाँ छ, ऊ कुन लक्ष्यतिर उड्दैछ । हडबडायो ऊ त फिजिक्समा पी.एच.डी. लिन अमेरिकातर्फजाँदैछ । पैदा भएको हडबडीलाई दबाउन उसले चारैतिर हेर्‍यो । अनि उसको आँखा यताउति गरिरहेकी एउटी स्टेवार्ड ठिटीमाथि टक्क अड्यो । मानौ उसले उसलाई भर्खर देख्यो, ऊ निहारिरफयो हेरिर हर्‍यो । त्यो ठिटी चकलेट पिपरमेन्ट भएको तस्तरी ताँतीलाई देखाउँदै थिई । मुस्कुराएर उत्फूल्ल भएको ऊसको अनुहारले मानौ भनिर हेको थियो, "हो तिमीहरू जमिनमा दु:ख!! सुख, पीडा, भय, मृत्यु, जीवनलाई सञ्चित गर्छौं । त्यस्तै म पनि यस गर्भभित्र तिमीहरूजस्तै सबै कुरा सञ्चित गरेर हिँड्छु, डुल्छु र आफ्नो काम गर्छु हेर मलाई अरू केही वास्ता छैन ।" अहिले त्यो ठिटीको गोरो बाहु फरफरायो, अनि केही झुक्दा उसको अर्ध!! नग्न पुष्ट स्तनले मौन भाषामा केही बोल्यो । ऊ सर्दैसर्दै एक रोबाट अर्को रो गर्दै इन्द्रभक्तको नजिक नजिक हुन लागिरहेकी थिई । अर्को दुइ रो बाँकी छ । अब बस एक रो बाँकी छ । त्यो रो पुग्दा पृष्ठ भागबाट देखिने ठिटीको पुष्ट गोरो तिघ्रा तन्क्यो । इन्द्रभक्तले आँखा ओराल्यो र आँखा चिम्ल्यो ।

चिम्लेकै आँखाले उसले प्रस्ट देखिरहेको थियो कि उसकै लाइनको अर्को साइडमा त्यो ठिटी पुगिसकेकी छ । त्यो साइडको मानिसले चकलेट लिइसकेको छ । अब ऊतिर फर्की सकी त्यो ठिटी । अनि इन्द्रभक्तले आँखा खोल्यो । सामुन्ने तस्तरी थियो र रङ्गीविरङ्गी कागजमा पोका पारेका चिजहरू । उसको हात सुस्तरी त्यसमा बढ्यो । अहँ उसले त्यो टिठीको अनुहार हेर्न सकेन । उसको हातमा चकलेट दुईवटा थिए र थ्याङ् शब्द उसको गलामै अड्क्यो, बाहिर निस्कन सकेन । सँगै बसेको मानिसले पनि लियो र "थ्याङ्" भन्यो । त्यो "थ्याङ्" शब्दलाई सुनेर निश्चल भएर इन्द्रभक्त रफयो । त्यो ठिटीको प्रस्फुटित क्रिम पाउडरको वासना इन्द्रभक्तको पछिल्तिर पुग्यो र विस्तारै विस्तारै त्यो वासना हराउँदै गयो । अब इन्द्रभक्तलाई हवाइजहाजको गर्भ र यसभित्र रहेको वातावरण असाधारण लागेन, साधारण लाग्यो र उसको मनस्थिति काठमाडौंको उसको कोठाको भयो । कोठामा बसेर सोचेझैं ऊ सोच्न लाग्यो । साथीहरूको बीचमा पढाइ, लेखाइ र अरू बौद्धिक काममा ऊ सधैं विजयी छ तर स्वास्नीमान्छे लिएर ऊ सधैं हार्छ र साथीहरूको बीचमा ऊ हारेको महसुस गर्छ । ऊ पराइ स्वास्नी मान्छेसँग बोल्न हिचकिचाउँछ, आँखा जुधाउन शरम मान्छ । यसैले कति मान्छेको बहादुरी र बहादुरीको स्वांगलाईर् इर्ष्या गर्छ । यहीं आएर ऊ हार्छ । ऊ अहिले व्यवस्थित भएर सोचमा डुब्यो । अब ऊ कोठाको पलङ्गमा लेटेको छ, कौचमा बसेको छ उसलाई कोठाको एक एक कुराको सम्झना भयो । अब घर अर्मूत भएन । उसले आमाको अनुहार छ्र्लङ्ग देख्यो, अब त्यो अनुहार स्वप्निल छैन । आमाले सगुनको टीका लगाएको हात उसले देख्यो र चुरा बजेको आभास उसलाई भयो । बिदाबारी हुँदा जस्तै उसको आँखामा आँसु भरियो अनि सँगै जीपमा बसेर गौचर पुर्‍याउन आउँदाको बाबुलाई उसले सम्झ्यो । उसको बाबु स्वरलाई खुलाएर भनिरहेका थिए, "चिठी लेख्न अल्छी नगर्नु ।" अहिले इन्द्रभक्तले जीपमा जस्तै खाली टाउको हल्लायो । एउटी अर्कै स्टेवार्ड ठिटी, जो अलि पुड्की छ, इन्द्रभक्ततिर आइपुगी । इन्द्रभक्त एकदम खुम्चियो । अघिल्तिर बस्नेले उसलाई निर्धक्कसँग केही भन्यो । ऊ हाँस्न लागि । इन्द्रभक्तलाई त्यस मान्छेसँग एकदमर् इर्ष्या लाग्यो । यस्तै इर्ष्या ऊ आफ्ना साथीहरूसँग पनि गर्थ्यो, जो तरुनीसँगै लिएर टुँडिखेल घुम्थे अथवा निर्धक्कसँग सिनेमा हलमा टाँसिएर बस्थे ।

उफ उसलाई मात्रै यो किन डर, यो किन सङ्कोच ! त्यो स्टेवार्ड ठिटी अलि पर गएर अर्कैसँग कुरा गर्न लागि । अनि फेरि अर्की स्टेवार्ड ठिटी पानी ल्याएर एकजनालाई दिन लागी । इन्द्रभक्तलाई पनि पानी प्यास लाग्यो । पानी दिने ठिटी फर्केर आउन लाग्दा पानी माग्ने साहस उसले गर्न खोज्यो तर ऊ फेरि बोल्न सकेन, उसको वाक् फुटेन । उसको प्यास गलामै हरायो र असहाय भएर उसले चारैतिर हेर्‍यो । हवाइजहाजको रफ्तार एकनासको थियो र मद्धिम आवाज पनि एक टंकारको थियो । सायद पाकिस्तान नाघिसक्यो, अफगानिस्तान पुग्छ हेर्दाहेर्दै हिन्दुकुश रेंज माथिबाट उड्न लाग्यो । लन्चको समय भयो । त्यही स्टेवार्ड ठिटी, जसले चकलेट सँभ गरेकी थिई, ताँतीको शिरान देखिन्, सिटको पृष्ठ भागको तख्ता तान्दै ताँतीका प्रत्येक व्यक्तिसँग अनुहारमा त्यस्तै मुस्कानको मिठास ल्याउँदै बोल्दै आई । अब फेरि पहिलेजस्तै उसको अर्ध नग्न स्तनले केही बोल्न खोज्यो, गोरो पाखुरा फरफरायो र सेता तिघ्रा तन्क्यो । इन्द्रभक्त नजिक आइपुग्दैछ । ऊ आइपुग्न लागि, आइपुग्न लागी । इन्द्रभक्तको सँगैको मानिसको अघिल्तिरको तख्ता तानी र सोधी, "भेजिटरियन अर नन्भेजिटरियन -" "भेजिटरियन," "एनी ड्रिंक-" ७वियर ।" इन्द्रभक्तले आँखा चिम्लिसकेको थियो । त्यो ठिटीको पुष्ट स्तन पूरा उसको अनुहार नजिक थियो र त्यसबाट प्रस्फुटित सुगन्ध उसको अनुहारभरि व्याप्त थियो, इन्द्रभक्तलाई त्यो ठिटीले आँगमा कोट्याई । इन्द्रभक्तले तिलमिलाएर आँखा खोल्यो र एक अबोध बालकमा हुने शरमको आँखाले त्यस ठिटीलाई निहार्‍यो । त्यस्तै प्रश्न ठिटीले सोधी । उसले जवाफ दिनसकेन । "यु अल्सो भेजिटरियन -" इन्द्रभक्तले खाली च्युँडो हल्लायो । "आण्ड ड्रिंक -" अचानक स्वरको बाँध फुटेझैं उसले भन्यो, "नो ।" ठिटी गइसकेपछि ऊ आफैं चकित भयो, आखिर स्वर फुट्यो तर ऊ फेरि आफैं आर्श्चर्यचकित भयो, उसलाई त वियर खान मन लागेको थियो । ऊ हार महसुस गरेर सोचमा डुब्यो । खानेले वियर खाए, फविस्की खाए । अनि लन्च आइपुग्यो । इन्द्रभक्तले पनि लन्च चपायो । उसलाई सँभ गर्ने अर्कै ठिटी थिई । उसले खाली आँखा मात्र चिम्ल्यो, मानौ अब ऊ केही हेर्न चाहन्न । अनाशक्त र निर्लिप्त भावले उसले लन्च चपायो र यन्त्रवत् उसले लन्च खान सिध्यायो । हवाइजहाजले अफगानिस्तान नाघिसकेको छ । सायद इरानमाथि उड्दैछ । अब चाँडै नै सिरिया आउला । इन्द्रभक्तले आँखा चिम्लेर भूगोलको नक्सा याद गर्‍यो । अनि मेडिटरियन सी माथिबाट उड्ला । मेडिटरियन सीको आफ्नै इतिहास छ । त्यस समुद्रको मार्गबाट कति सभ्यताको आदान!! प्रदान भयो । कति युद्ध त्यस समुद्रमा भयो होला । कति जहाज डुबे होलान्, कति नयाँ जहाज पौडे होलान्, उसले इजिपसियन, ग्रिक, रोमन, अंग्रेज, जर्मनहरूको इतिहासको मर्मलाई समाउन खोज्यो ।

अनि तलतिरको भूमि । यही भूमिबाट अलेकजेण्डरले विजय पताका फैलाउँदै भारत भूमिमा पदार्पण गर्‍यो । यही तलको जमिनबाट आर्यहरू आए । बुद्ध धर्म भारतबाट फैलियो । पछि मोहम्मदले मुसलिम धर्म प्रचार गरे । महमद गजनी, महमद गोरी, चँगेज खां, सिलसिलाबद्ध नभएर उसलाई स्मरण भयो । पढेको इतिहासलाई उसले सम्झन खोज्यो । उसले धेरै कुरा बिर्सिसकेको रहेछ । इतिहास सम्झन खोज्दाखोज्दै उसलाई निद्रा लाग्यो । सायद ऊ सुत्यो, सायद ऊ सुतेको छैन । कानमा जहाजको एक टंकारको मद्धिम स्वर परिरहेकै थियो । अचानक ऊ सिटबाट पल्टनबाजी खाएर भुइँमा खस्यो । ऊ बिउँझ्यो । ऊ उठ्न खोज्यो तर उठ्न सकेन । जडिभूत त्रासले उसले आफ्नै सिटलाई हेर्‍यो र खुट्टालाई ट्याप्प समात्यो । हवाइजहाज एकदम असन्तुलित भइसकेको थियो । मानौ एकै पलकमा मृत्युको तूफान त्यसभित्र घुस्यो । एकै वेगमा माथि घुसारिराखेका रग र बेगहरू भुइँमा छरिसकेका थिए । एकै पलकमा मानिसका ताँती डोलायमान भएर पनि जस्तै जडिभूत थिए । "अघिल्तिर रातो बत्तीले ७डेन्जर' लेखेको थियो । अनि पछि अल्झेको फासन योर बेल्ट ।" अनि एउटी आइमाईले शान्त आवाजले घोषणा गरी, "हामी तूफानभित्र परेका छौं । बच्ने कोसिस गर्दैछौं, नहडबडाउनुस् ।" अब जडिभूत ताँती एकदम काँप्यो । कोही उठ्न खोज्यो, मानौ मृत्युबाट भाग्नु खाली उठ्नु हो । एउटी आइमाईले डोलायमान हुँदाहुँदै छातीमा क्रस बनाउन सकी । हिन्दुस्थानीले आँखाले खोलेर चारैतिर हेर्‍यो मानौ हेर्नु नै बाँच्नु हो । किताब हेरिरहेको मानिसले यत्रवत किताब कोटको खल्तीमा र ख्यो, मानौ काम सिद्धियो अब । हिँड्ने बेला भयो । एउटी आइमाईले आफ्नो बच्चालाई जोडसँग च्यापेर सुस्तरी सुस्तरी रोई । इन्द्रभक्त बल्ल बल्ल उठ्न सक्यो र झटपट सिटको वाक्लाई समात्यो । जहाज त्यस्तै डोलायमान थियो, मानौ मृत्युसँग उसको भीषण संघर्ष चल्दैछ । इन्द्रभक्तले अचानक देख्यो, नजिकै त्यही चकलेट सँभ गर्ने स्टेवार्ड ठिटी र उसको स्तब्ध आँखा । इन्द्रभक्तले प्रस्ट देख्यो उसको कमर त्यसमुनिको तिघ्रा, मानौ मृत्युको तालसँग थर्किरहेछ अनि फेरि उसले देख्यो त्यो स्तब्ध आँखालाई समावेश गर्ने उसको अनुहार । अघिको मुस्कान पनि त्यो अनुहारमा स्तब्ध छ । अचानक इन्द्रभक्त रत्तियो । त्यो ठिटीलाई समात्न पुग्यो । एक पलकमा ठिटीको छाती उसको छातीमा अल्झियो र ठिटीको तिघ्रा उसको तिघ्रासँग टाँसियो र उसको ओठ उसको ओठमा । ठिटी स्तब्ध थिई, इन्द्रभक्त स्तब्ध थियो र मृत्युको तूफान हवाइजहाजभित्र उन्मुक्त थियो ।

कविता

# कक्षाकोठा



✍हिमाक्षी सिं डंगोल

कक्षा-९, नवोदय शिशु सदन

कक्षाकोठा हो हाम्रो लेख्ने, पढ्ने ठाउँ
सिक्छौं धेरै नयाँ कुरा
यहाँबाट बनाउँछौं हामीले हाम्रो भविष्य
बुझ्दै पढ्दै र लेख्दै नयाँ कुरा ।

साथीसँगै बस्दै पढ्छौं साहित्यको रस
पूरा ज्ञान लिन्छौं हामी राख्दैनौं कस
सपना बुन्छौं, योजना बनाइ
पढ्छौं हामी कक्षामा रमाइ रमाइ ।

कक्षाको झ्यालबाट आउँछ न्यानो घाम
यही कक्षामा पढेर राख्नेछौं नाम
शिक्षकको आवाजले भरिन्छ कक्षा
त्यो आवाजले हाम्रो मनमा भरिन्छ उत्साह ।

सेतो बोर्डमा मार्करले लेखिन्छ
ज्ञानका कुराहरू शब्दमा देखिन्छ
कक्षाकोठाबाट सिक्छौं हाम्रो जिम्मेवारी
कक्षाबाटै गर्छौं भविष्यको तयारी ।

मेरो कक्षाकोठा मनपर्छ मलाई
यहाँ भरिन्छ ज्ञान, अन्धकारलाई जलाई
यो कोठा हो हाम्रो मिल्ने साथी
देखाउँछ सपना अनि पुर्‍याउँछ जीवनलाई माथि ।

# ‘वैचारिक मत’ घट्दा स्तब्ध कम्युनिस्ट

काठमाडौं/नेपालको संसदीय राजनीतिमा पछिल्ला दुई दशक कम्युनिस्ट शक्तिको बोलवाला रह्यो । यही दौरानमा पाँच जना कम्युनिस्ट नेता प्रधानमन्त्री बने । जसमा केपी शर्मा ओली चार पटक, पुष्पकमल दाहाल ‘प्रचण्ड’ तीन पटक, माधवकुमार नेपाल, झलनाथ खनाल र डा. बाबुराम भट्टराई एक-एक पटक प्रधानमन्त्री बने । यो कालखण्डका हरेकजसो सरकार कि कम्युनिस्ट नेताकै नेतृत्वमा थिए, कि कम्युनिस्ट शक्तिको निर्णायक भूमिकासहितका सरकार बनेका थिए ।

कम्युनिस्ट शक्तिको यस्तो दबदबा रहनुका पछाडि दरिलो जनमतकै आड थियो । विशेषगरी २०६४ देखि यताका निर्वाचनमा अभिव्यक्त जनमतको अधिकांश हिस्सा कम्युनिस्ट पार्टीहरूमै केन्द्रीत थियो । जसमा झन्डै बहुमतको हाराहारी मत प्रस्ट कम्युनिस्ट पहिचान भएकै दलले पाउँदै आए । कम्युनिस्ट वैचारिक पृष्ठभूमिका नेताले नेतृत्व गरेका समाजवादी पहिचान बोक्ने दलले पाउने मतसमेत जोड्दा जहिल्यै दुई तिहाइ नजिकको समर्थन कम्युनिस्ट शक्तिले पाइरहे ।


फागुन २१ को प्रतिनिधिसभा निर्वाचनको नतिजाले भने कम्युनिस्ट शक्तिको त्यो दबदबा एकएक कमजोर पारेको छ । यसपटक जनमतमा व्याप्त रहेको कम्युनिस्टको वैचारिक धरातल लगभग निकै कमजोर पारिदिएको छ । जसको प्रमाण मूलत: यसपटक अभिव्यक्त भएको समानुपातिकको नतिजा हो ।

**फेरियो वैचारिक मत**

समानुपातिक निर्वाचन प्रणालीमा मतदाताले दल चुन्छन् । जसमा प्रत्यक्षजस्तो सिधै उम्मेदवारका रूपमा व्यक्ति चुनिन्न । दलहरू विचार, सिद्धान्त, नीति तथा कार्यक्रमबाट निर्देशित हुने मान्यता रहन्छ । मतदाताले आफ्नो विचार बोक्ने दलको चिन्हमा मतदान गरेर त्यही विचारअनुसारको म्यान्डेट दिन्छन् भन्ने मान्यता रहन्छ । यही कारण समानुपातिक मतलाई कतिपयले ‘वैचारिक मत’ पनि भन्दछन् ।

नेपालमा २०६४ को पहिलो संविधानसभा निर्वाचनयता समानुपातिक निर्वाचन प्रणाली अभ्यासमा छ । त्यसयता २०७९ सम्मका समानुपातिक नतिजामा कम्युनिस्ट विचार बहुल्य मतदाताको आँकडा देखिँदै आएको थियो । यसपटक उल्टो नतिजा आएको छ । अहिलेको नतिजाले नेपाली मतदातामा कम्युनिस्ट विचारधाराप्रति मोहभंग भएको देखाएको छ ।

उसो त अहिलेको नतिजाले सबैजसो पुराना शक्तिलाई अस्वीकृत गरेको छ । २०७९ को प्रतिनिधिसभा निर्वाचनअघि खुलेको नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापनाको साढे तीन वर्षमै दुई तिहाइ जनमतका साथ संसद् प्रवेश गर्दैछ । रास्वपाको यो जनमतका अगाडि सबै पुराना शक्ति कमजोर देखिए पनि सबैभन्दा बढी चोट कम्युनिस्ट शक्तिहरूलाई दिएको छ ।




प्रत्यक्षमा जस्तै समानुपातिक तर्फको नतिजामा पनि कम्युनिस्ट शक्ति निकै खुम्चिएका छन् । जसले कम्युनिस्ट शक्तिको वैचारिक धरातल स्खलित भएको संकेत गरेको छ । रास्वपाले प्रत्यक्षजस्तै समानुपातिकमा पनि उल्लेख्य मत हासिल गरेर दुई तिहाइ नजिक पुग्दा लोकतान्त्रिक दलका रूपमा परिचित नेपाली कांग्रेस दोस्रो भएको छ ।

त्यसपछि बल्ल तेस्रो स्थानमा सबैभन्दा ठूलो कम्युनिस्ट शक्ति नेकपा एमाले आएको छ । एमाले प्रत्यक्षतर्फ ९ सिटमा खुम्चिँदा समानुपातिकतर्फ १५ लाख मत पनि कटाउन सकेन । २०७९ को निर्वाचनभन्दा यसपटक उसले समानुपातिकमा १३ लाखभन्दा बढी मत गुमाएको छ ।

जेनजी विद्रोहपछि दुई दर्जन बढी कम्युनिस्ट शक्तिहरू जोडेर बनेको नेपाली कम्युनिस्ट पार्टी(नेकपा)ले त झन् १० लाख मत पनि पुर्‍याउन सकेन । नेकपा माओवादीदेखि, पूर्व एमालेसहितका वामघटकको विरासत बोकेका नेताहरू जोडिएर बनेको दलको प्रदर्शन पनि साह्रै निराशाजनक रह्यो ।

**जनमत २२, संसद् प्रतिनिधित्व १५ प्रतिशत**

यसपटकको निर्वाचनमा समानुपातिकतर्फ कुल एक करोड आठ लाख ३५ हजार २५ मत सदर भएको छ । जसअनुसार यसपटक ६ दल रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले मात्रै ‘थ्रेसहोल्ड’ कटाएका छन् । थ्रेसहोल्ड कटाउने कम्युनिस्ट पार्टी एमाले र नेकपा गरी दुई वटा मात्रै कायम भएका छन् । थ्रेसहोल्ड नै कटाए पनि उनीहरूले पाएको समानुपातिक मत यसपटक निकै निराशाजनक छ ।

रास्वपाले एक्लै ५१ लाख ८३ हजार ४९३ मत पाएको छ । जुन कुल सदर मतको ४७.८४ प्रतिशत हुनआउँछ । दोस्रो स्थानको कांग्रेसले १७ लाख ५९ हजार १७२ मत पाएको छ । जुन १६.२४ प्रतिशत हो ।

तेस्रो स्थानमा अटाएको पहिलो कम्युनिस्ट शक्ति एमालेले १४ लाख ५५ हजार ८८५ समानुपातिक मत पाएको छ । जुन १३ दशमलव ४३ प्रतिशत मात्रै हो, भने नेकपाले ८ लाख ११ हजार ५७७ समानुपातिक मत प्राप्त गरेको छ । जुन ७.४९ प्रतिशत मात्रै हुन आउँछ ।

यसपटक समानुपातिक तर्फको निर्वाचनमा एमाले र नेकपासहित ८ प्रस्ट कम्युनिस्ट पहिचान बोकेका दल सहभागी थिए । बाँकी ६ कम्युनिस्ट शक्तिले जम्मा एक लाख ११ हजार १३९ मत मात्रै प्राप्त गर्नसके ।

यसरी नेपालका सबै कम्युनिस्ट पहिचान भएका शक्तिहरूले कुल २३ लाख ७८ हजार ६०१ मत मात्रै प्राप्त गरेका छन् । जुन कुल सदर मतको २१.९५ प्रतिशत हुन आउँछ । एमाले र नेकपाबाहेक नेपाल मजदुर किसान पार्टीले ४२ हजार ३०१, राष्ट्रिय जनमोर्चाले २९ हजार ४५५, नेकपा माओवादी २३ हजार ८६४, नेकपा मालेले ६ हजार १७२, नेकपा मार्क्सवादी (पुष्पलाल)ले ४ हजार ८३२ र नेकपा (संयुक्त)ले ४ हजार ५१५ मत मात्रै प्राप्त गरेका छन् ।

नेपालको पछिल्ला दुई दशकको राजनीतिमा कम्युनिस्ट जनमत यति धेरै कमजोर अवस्थामा पुगेको यो पहिलो पटक हो । यसअघिका निर्वाचन प्रस्ट कम्युनिस्ट पहिचान भएकै दलले बहुमत आसपास समानुपातिक मत बटुल्थे । त्यसमा कम्युनिस्ट वैचारिक पृष्ठभूमि भएका नेताहरूले नेतृत्व गर्ने समाजवादी दलको जनमत जोड्दा सधैंजसो दुई तिहाइ नजिकको जनमत हुन्थ्यो । यसपटकको नतिजाले जनमतको त्यो आँकडाले देखाउने चित्रलाई पूरै फेर बदल गरिदिएको छ ।

जनमत घटेसँगै कम्युनिस्ट शक्तिको प्रतिनिधिसभाको उपस्थिति पनि ठुलो गिरावट आएको छ । २७५ सिटको प्रतिनिधिसभामा यसपटक एमालेबाट २५ र नेकपाबाट १७ सांसदसहित ४२ जना कम्युनिस्ट सांसद पुगेका छन् । जुन १५.२७ प्रतिशत मात्रै हो ।

**२०६४ : कम्युनिस्टको पहिलो दबदबा**

नेपालमा समानुपातिक निर्वाचन प्रणाली सुरु भएकै पहिलो निर्वाचन (२०६४ संविधानसभा) मा ठूलो संख्यामा कम्युनिस्ट जनमत देखिएको थियो । सो निर्वाचनको समानुपातिक नतिजामा ५७.४० प्रतिशत मत प्रस्ट कम्युनिस्ट पहिचान बोकेका दलहरूले पाएका थिए ।

त्यो बेला समानुपातिक तर्फ एक करोड सात लाख ३९ हजार ७८ मत सदर हुँदा ६१ लाख ६४ हजार ५२५ मत प्रस्ट कम्युनिस्ट पहिचान भएका दलले प्राप्त गरेका थिए । सशस्त्र संघर्षबाट आएको तत्कालीन नेकपा माओवादीले प्रत्यक्षमा २४० सिटमध्ये एक्लै १२० सिट जितेको थियो । समानुपातिक तर्फ उसले एक्लै ३१ लाख ४४ हजार २०४ मत पाएको थियो । जुन कुल सदर मतको २९.२४ प्रतिशत थियो ।

अर्को ठूलो कम्युनिस्ट दल एमालेले त्यो बेला २१ लाख ८३ हजार ३७० मत प्राप्त गर्दा त्यो कुल सदर मतको २०.३३ प्रतिशत थियो । थ्रेसहोल्डको व्यवस्था नगरिएको त्यो निर्वाचन यी दुई दलसहित आठ कम्युनिस्ट दलले समानुपातिकबाट संविधानसभामा आफ्नो प्रतिनिधित्व पाएका थिए ।

यस्तै सो निर्वाचनमा समानुपातिकमा नेकपा मालेले दुई लाख ४३ हजार ५४५, जनमोर्चा नेपालले एक लाख ६४ हजार १८१, नेकपा संयुक्तले एक लाख ५४ हजार ९६८, राष्ट्रिय जनमोर्चाले एक लाख ६ हजार २२४, नेपाल मजदुर किसान पार्टीले ७४ हजार ७९ र नेकपा एकीकृतले ४८ हजार ६०० मतसहित संविधानसभामा समानुपातिकबाट प्रतिनिधित्व पाएका थिए ।

६०१ सदस्यीय संविधान सभामा कम्युनिस्ट सभासदको संख्या ३६८ पुगेको थियो । जुन ६१.२३ प्रतिशत थियो । यो नेपालको संसदीय इतिहासमा कम्युनिस्ट शक्तिको दबदबा कायम भएको पहिलो संसद थियो ।

**२०७० : अलमलमा ओरालो**

पहिलो संविधानसभाको असफलतापछि २०७० मा दोस्रो पटक संविधानसभा निर्वाचन भएको थियो । त्यो निर्वाचनमा २०६४ मा उल्लेख्य मतका साथ पहिलो शक्ति बनेको माओवादी ह्वात्तै कमजोर देखियो ।

सो निर्वाचनमा समानुपातिक तर्फ कुल सदर मत ९४ लाख ६३ हजार ८६२ सदर भएको थियो । यो निर्वाचनमा माओवादी जनमत आधाले घट्दा समानुपातिकमा कम्युनिस्ट मत पनि घटेर ४३.२७ प्रतिशतमा झर्‍यो । त्यो बेला प्रस्ट कम्युनिस्ट पहिचान भएका ११ दलले समानुपातिकमा जम्मा ४० लाख ९५ हजार ४८५ मत मात्रै पाएका थिए । जसमा सबैभन्दा बढी एमालेले २२ लाख ३९ हजार ६०९ मतसहित सदर मतको २३.६६ प्रतिशत पाउँदा तत्कालीन एकीकृत नेकपा माओवादी १४ लाख ३९ हजार ७२६ मतमा झरेको थियो । जुन कुल सदर मतको १५.२१ प्रतिशत मात्रै हो ।

ती दुई दलबाहेक नेकपा मालेले एक लाख ३० हजार ३००, राष्ट्रिय जनमोर्चाले ९२ हजार ३८७, नेकपा संयुक्तले ९१ हजार ९९७, नेपाल मजदुर किसान पार्टीले ६६ हजार ७७८ मत पाएका थिए । त्यो निर्वाचनपछि संविधानसभामा कम्युनिस्ट सभासदको उपस्थिति पनि ४६.९२ प्रतिशतमा झरेको थियो । ६०१ सिटमध्ये प्रस्ट कम्युनिस्ट पहिचान भएकाले दलले २८२ सिट मात्रै प्राप्त गरेका थिए ।


पहिलो संविधानसभामा संविधानका विषयमा कम्युनिस्ट शक्तिहरू नै अलमलिँदा यस्तो नतिजा आएको थियो । यो निर्वाचनमा नेपाली कांग्रेस पहिलो दल बन्यो । त्यो बेला २०६२/६३ को परिवर्तनपछि रक्षात्मक बनेका राजावादी शक्तिहरूलाई आंशिक हौसला पनि मिलेको थियो ।

**२०७४ : एकताको बलमा दुई तिहाइ**

नेपालको संविधान, २०७२ जारी भइसकेपछि २०७४ मा पहिलोपटक मुलुक संघीयतामा गएको थियो । त्यो बेला प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैसाथ सम्पन्न भयो ।

*(स्रोत: अनलाइनखबर)*

# सांसदको अभिव्यक्तिप्रति शिक्षक महासंघको आपत्ति



का.जि.प्र.का. द.नं. ०२/०६०

अधिकार र कर्तव्यका लागि शिक्षक एकता
Teachers's unity for rights and resposibility

cnt
ने.शि.म.

नेपाल शिक्षक महासङ्घ
राष्ट्रिय समिति
सानोठिमी, भक्तपुर

च.नं.६९-२०८२ मिति: २०८२।११।२९

विज्ञप्ति

देशमा विद्यालय शिक्षाको विकास तथा नेपाली शिक्षक-कर्मचारीको हक,हित र मर्यादाको प्राप्ति तथा संरक्षणका लागि नेपाल शिक्षक महासङ्घ सदैव प्रतिबद्ध छ । त्यसैले नेपाली शिक्षक-कर्मचारी पेसागत मर्यादा र स्वभिमान विपरितका कुनै पनि अभिव्यक्ति र व्यवहार ने शि महासङ्घलाई ग्राह्य हुन सक्दैन । वि.सं. २०८२ साल फागुन २१ सम्पन्न प्रतिनिधि सभाको निर्वाचनबाट निर्वाचित एकजना माननीय साँसदबाट शिक्षक र शिक्षण पेसाप्रति अभिव्यक्त अमर्यादित शब्द र आशयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । आफ्नो पदीय गरिमालाई समेत विर्सेर गरिएको यस अभिव्यक्तिप्रति हामी खेद प्रकट गर्दछौं । साथै आफ्नो यस अभिव्यक्तिप्रति क्षमा माग्न र आइन्दा यस्ता विचार व्यक्त नगर्न समेत सम्बन्धित व्यक्तिलाई सजग गराउन चाहन्छौं ।

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ नेपाल शिक्षक महासंघले एक सांसद जस्तो मर्यादित ब्यक्तिबाट शिक्षक तथा शिक्षण पेसाप्रति गरिएको अमर्यादित अभिव्यक्तिप्रति आपत्ति जनाएको छ ।

महासंघलले बिज्ञप्ती जारी गर्दै देशमा विद्यालय शिक्षाको विकास तथा शिक्षक-कर्मचारीको हकहित र मर्यादा संरक्षणका लागि प्रतिबद्ध रहेको नेपाल शिक्षक महासंघले एक सांसदबाट शिक्षक तथा शिक्षण पेसाप्रति गरिएको अमर्यादित अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । महासंघले जारी गरेको विज्ञप्तीमा वि.सं. २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट निर्वाचित एकजना माननीय सांसदले शिक्षक र शिक्षण पेसालाई लक्षित गरी प्रयोग गरेका शब्द र अभिव्यक्ति पेसागत मर्यादा र स्वाभिमानविपरीत भएको उल्लेख गरिएको छ ।

विज्ञप्तीमा शिक्षक र कर्मचारीको सम्मान र अधिकारको संरक्षणका लागि महासंघ सदैव प्रतिबद्ध रहेको जनाउँदै शिक्षक समुदायको आत्मसम्मानमा आघात पुग्ने कुनैपनि अभिव्यक्ति वा व्यवहार स्वीकार्य नहुने स्पष्ट गरिएको छ । महासंघले आफ्नो पदको गरिमासमेत बिर्सेर गरिएको घटिया अभिव्यक्तिप्रति खेद प्रकट गर्दै सम्बन्धित सांसदलाई सार्वजनिकरुपमा क्षमा माग्न र भविष्यमा यस्ता विचार व्यक्त नगर्न सचेत गराएको छ ।

शिक्षक समुदायको मर्यादा कायम राख्न सबै सरोकारवाला पक्षलाई जिम्मेवार र संवेदनशील बन्न महासंघले आग्रह गरेको छ । केहीदिन अघि सांसद खगेन्द्र सुनारले शिक्षकप्रति लक्षित गर्दै दिएको अभिब्यक्ति सामाजिक संजालमा भाइरल बनेको छ ।

# ९१ मत पाएकी निशाको चुनाव खर्च साढे ७ लाखमाथि

काठमाडौं/काठमाडौं क्षेत्र नम्बर ५ बाट संसदीय चुनाव लडेकी अभिनेत्री निशा अधिकारीले आफ्नो चुनावी खर्चको विवरण निर्वाचन आयोगमा बुझाएकी छन् । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ तथा निर्वाचन आयोगले स्वीकृत गरेको निर्वाचन आचारसंहिता बमोजिम उनले शुक्रबार आयोगमा चुनावी प्रचारप्रसार र व्यवस्थापनको खर्च विवरण पेस गरेकी हुन् ।

निशाले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरण अनुसार उनको चुनावी अभियानमा ७ लाख ७६ हजार ९२१ रुपैयाँ खर्च भएको छ । उनको सबैभन्दा धेरै खर्च सामाजिक सञ्जाल (विज्ञापन र डिजाइन)मा भएको देखिन्छ ।

यसमा उनले साढे २ लाख रुपैयाँ खर्च गरेकी छन् । कार्यालय सञ्चालन, सवारी साधन, फोटो-भिडियो लगायतमा पनि उनको ठूलो खर्च भएको देखिन्छ ।

उनले चुनावी खर्चसँगै निर्वाचन (कसूर तथा सजाय) ऐन २०७३ को दफा ३१ बमोजिम आम्दानीको विवरण पनि आयोगमा बुझाएकी छन् । उनले आफू चुनाव लडेको गतिशील लोकतान्त्रिक पार्टीबाट २ लाख रुपैयाँ, व्यक्तिगत सहयोगबाट ५ लाख ४९ हजार ६७ रुपैयाँ र उम्मेदवारको तर्फबाट २७ हजार ८५५ रुपैयाँ प्राप्त भएको विवरणमा उल्लेख गरेकी छन् ।

गत माघ ६ गते उम्मेदवारी दर्ता गराएसँगै निशाले ५ बुँदे एजेन्डासहित काठमाडौं-५ मा चुनावी अभियान तीव्र बनाएकी थिइन् । तर, उनले अपेक्षाअनुसार मत भने पाउन सकिनन् । उनको जमानत समेत जफत भयो । उनले जम्मा ९१ मत पाइन् । चुनावमा पराजय बेहोरेपछि उनले सामाजिक सञ्जालमार्फत संसदमा पुग्ने सपना अझै जीवित रहेको बताएकी थिइन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

‘स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद’

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

राष्ट्रिय तेक्वान्दो प्रतियोगिता
२०८२ चैत्र ११, १२ र १३ गते

खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता
२०८२ फागुन २९ गते

जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता
२०८२ फागुन २९, ३० गते

जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता
२०८२ चैत्र १, २ र ३ गते

जिल्ला स्तरीय कराते प्रतियोगिता
२०८२ चैत्र ९ र १० गते



# सिडियो कार्यालय परिसरमा 'सुशासन पार्क' निर्माण



साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ जिल्ला प्रशासन कार्यालय मकवानपुर परिसरमा 'सुशासन पार्क' निर्माण गरिएको छ । सेवाग्राहीलाई लक्षित गर्दै बनाइएको पार्क एक कार्यक्रम बीच औपचारिकरुपमा उद्घाटन गरिएको हो ।

पहिले जिल्ला प्रशासन कार्यालयभित्र फोटो खिच्न समेत नपाइने स्थान अहिले परिवर्तन भएर सेवाग्राहीका लागि बस्ने विश्रामस्थल सहितको सुशासन पार्कमा परिणत भएको छ ।

कार्यालयमा सेवा लिनआउने नागरिकलाई सहजता प्रदान गर्ने उद्देश्यले पार्क निर्माण गरिएको जनाइएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको अवधारणा र पहलमा पार्क निर्माण गरिएको हो । प्रजिअ अधिकारीका अनुसार कार्यालयमा प्रवेश गर्ने बित्तिकै देखिने स्थान पहिले फोहोर र दुर्गन्धित थियो । सोही स्थानमा सेवाग्राही लामो समय लाइन बस्नुपर्ने अवस्था भएकाले त्यसलाई सुधार गर्दै मौलिकता झल्किने गरी पार्क निर्माण गरिएको हो ।

प्रजिअ अधिकारीले केही समयपछि यहाँ फ्री वाइफाइ जोन पनि सञ्चालन गर्ने योजना रहेको जानकारी दिएका छन् । मकवानपुर जिल्लाको पहिचान झल्किने विभिन्न चित्र पार्कमा राख्ने तयारी भइरहेको उनले बताए ।

कार्यालय परिसरमा निर्माण गरिएको सुशासन पार्कको ह्यान्डओभर-टेकओभर कार्यक्रम पनि सम्पन्न भएको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत रिद्धिसिद्धि सिमेन्टले नि:शुल्करुपमा निर्माण गरि दिएको हो । प्रजिअ अधिकारीले रिद्धिसिद्धि सिमेन्टका जनरल म्यानेजर तथा इन्जिनियरलाई सम्मान गर्दै समाजप्रति कम्पनीले देखाएको सहयोग र योगदानको प्रशंसा गरे । पार्क निर्माणसँगै जिल्ला प्रशासन कार्यालय परिसर थप व्यवस्थित, आकर्षक तथा सेवाग्राहीमैत्री बनेको बताइएको छ । कार्यक्रममा प्रशासनका कर्मचारी तथा सरोकारवालाको उपस्थिति रहेको थियो ।

# मकवानपुरको दोस्रो जीत

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ काठमाडौंमा जारी प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताअन्तर्गत बागमती प्रदेशस्तरीय छनोट खेलमा मकवानपुरले लगातार दोस्रो जीत दर्ता गरेको छ ।

बिहीबार नुवाकोटलाई २ सय ७९ रनको विशालअन्तरले पराजित गरेको मकवानपुरले शुक्रबार त्रिभुवन विश्वविद्यालयको टिमलाई ९ विकेटले सहजै जितेको हो । टसजितेर पहिले व्याटिङ गरेको त्रिभुवन विश्वविद्यालयको टिमले कमजोर व्याटिङ गर्दै ३५ ओभर ३ बलमा सवै विकेट गुमाएर १ सय ३६ रन मात्रै बनाएको थियो । त्रिभुवन विश्वविद्यालयका लागि सुरज तिरुवाले अविजित रहँदै ९६ रनको योगदान गरे पनि अन्य खेलाडीले राम्रो खेल्न सकेनन् । त्रिभुवन विश्वविद्यालयको टिमलाई कडा चुनौति दिँदै मकवानपुरका शुभ कंसाकार र मोहम्मद अहमद राजाले ३-३ विकेट लिए भने साकार गजुरेलले २ विकेट लिए ।

झिनो लक्ष्यसहित जवाफी व्याटिङ गरेको मकवानपुरले १४ दशमलव ५ ओभरमा एक विकेटको क्षतिमा १३८ रन बनाउँदै सहज जीत दर्ता गऱ्यो । मकवानपुरका लागि अविजित रहँदै युविन बुढाथोकीले ४९ र कप्तान सुमन सुनारले ३६ रन बनाए । शुभ कंसाकार ३४ रन बनाएका थिए । म्यान अफ द म्याच कंसाकार नै घोषित भए । पहिलो २ खेलमा हार व्यहोरेको मकवानपुरले पछिल्लो २ खेल जित्दै ४ अंक जोड्न सफल भएको छ ।

# कांग्रेस-एमालेलाई बागमतीमा प्रत्यक्षमा भन्दा समानुपातिकमा कम मत

साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ बागमती प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्षतर्फका उम्मेदवारले पाएको भन्दा समानुपातिक तर्फ धेरै मत पाएको छ ।

निर्वाचन आयोगको तथ्यांक अनुसार रास्वपाले बागमती प्रदेशबाट समानुपातिकतर्फ ११ लाख १९ हजार २७० मत पाएको छ । यो प्रदेशमा ३३ वटा निर्वाचन क्षेत्र रहेका छन् । ३३ वटै क्षेत्रमा रास्वपाले उम्मेदवार उठाएको थियो । त्यसमध्ये ३१ क्षेत्रमा रास्वपाका उम्मेदवारले चुनाव जिते । दुई क्षेत्रमा पराजित हुनपुगे । रास्वपाबाट उम्मेदवार रहेका सबैले पाएको मत जोड्दा ९ लाख ६० हजार ३११ हुन्छ । यो समानुपातिक तर्फको मतभन्दा कम हो । बागमती प्रदेशमा रास्वपाले समानुपातिकतर्फ भन्दा प्रत्यक्षमा कम मत पाउँदा नेपाली कांग्रेस र नेकपा एमालेको अवस्था ठीक उल्टो छ ।

कांग्रेसका प्रत्यक्षतर्फका उम्मेदवारले पाएको कुलमत ३ लाख ६७ हजार ४९१ छ । यो प्रदेशबाट कांग्रेसले समानुपातिकतर्फ पाएको मत भने ३ लाख २१ हजार १०६ छ । एमालेको अवस्था पनि कांग्रेसको जस्तै छ । एमालेका उम्मेदवारले पाएको मत जोड्दा ४ लाख ८८ हजार ८६३ पुग्छ । तर, एमालेले यो प्रदेशबाट समानुपातिकतर्फ भने २ लाख ६१ हजार ८९७ मत पाएको छ ।

# पेट्रोलीयम आपूर्ति सुनिश्चित गर्न आयोगको निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, २९ फागुन/ राष्ट्रिय मानवअधिकार आयोगले पेट्रोलियमपदार्थको वितरण सहज बनाउन सबै उपाय अवलम्बन गर्न सरकारलाई निर्देशन दिएको छ ।

आयोगका उपसचिव श्यामबाबु काफ्लेले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तीमा कृत्रिमअभाव पैदा गरेको पाइएमा कानुनी दायरामा ल्याउन, अनावश्यक भण्डारण गर्ने प्रवृत्तिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुको आपूर्तिको व्यवस्था अविलम्ब मिलाइ उपभोक्ताको अधिकार संरक्षण गर्न आयोगद्वारा नेपाल सरकारलाई निर्देशन गरिएको छ । आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग, नेपाल खाद्य व्यवस्था कम्पनी लिमिटेड लगायत ग्यास बिक्री वितरण गर्ने डिपो समेतको अनुगमन तथा अवलोकन गरेको छ ।

'अनुगमन तथा अवलोकनबाट नेपाल पेट्रोलियमपदार्थको आपूर्तिका लागि मुख्यत: आयातमा निर्भर रहेको छ, यसका लागि आयात हुनुपर्ने कच्चापदार्थ साविकबमोजिम नियमितरुपमा नै आपूर्ति भइरहेको छ', विज्ञप्तीमा भनिएको छ, 'केही ग्यास कम्पनीको ढुवानी व्यवस्थापनका कारण आपूर्तिमा केही कमी भएपनि विभिन्न सञ्चारमाध्यममा ग्यासको समग्र आपूर्ति व्यवस्थापनमा नै समस्या भएको भन्ने सन्देश प्रवाह हुँदा उपभोक्ताले आवश्यकताभन्दा बढी भण्डारण गर्ने प्रवृत्ति बढेको र कतिपय व्यावसायीबाट कृत्रिमअभाव सिर्जना गर्ने गरेको लगायत तथ्य प्राप्त भएको छ ।'

आयोगले मध्यपूर्वमा उत्पन्न परिस्थिति र त्यसपछि देखिएको तनावका कारण विगत केही समयदेखि काठमाडौं उपत्यकामा एलपिजी ग्यासको अभाव भई उपभोक्तामा चिन्ता र त्रास सिर्जना भएको भनी प्रकाशित एवं प्रसारित विभिन्न समाचारप्रति यस आयोगको ध्यानाकर्षण भएको जनाएको छ ।

## मकवानपुर उद्योग वाणिज्य संघ
## हेटौंडा, मकवानपुर

# कोटेशन आव्हान

यस संघद्वारा वि.सं. २०८३ सालको २००० थान क्यालेण्डर छपाई गरिने भएकाले ईच्छुक फर्म वा कम्पनीले मिति २०८२ चैत्र २ गते कार्यालय समयभित्र आफ्नो दररेट शिलबन्दी गरी पेश गर्नुहुन आव्हान गरिन्छ । क्यालेण्डरको साइज १५"x२०" र पाना संख्या ४ हुनुपर्नेछ । कोटेशन (प्रस्ताव) मिति २०८२ चैत्र ३ गते दिउँसो ३:०० बजे प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । कोटेशन फारम शुल्क रु. ३००।- (पछि फिर्ता नहुनेगरी) मा संघबाट खरिद गर्न सकिने छ । प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि कोटेशन खोल्न कुनै बाधा पर्ने छैन । कुनैपनि कारणले सो दिन खोल्न नसकिएमा भोलीपल्ट खोलिनेछ । कम वा बढी दरको कोटेशन स्वीकृत गर्ने वा नगर्ने अधिकार संघमा निहित रहने छ ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
**हेटौंडा, मकवानपुर**
**फोन: ०५७५२०३१०/५२३३१०**

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/११/२८ मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा.को

# हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

***निवेदक-*** *खरिदकर्ता विष्णु माया सिन्तान (लिने)* ***जग्गावाला-****बिक्रीकर्ता काली बहादुर माझी (दिने)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं.८ को निम्नानुसारका जग्गा काली बहादुर माझीको नाममा नाप नक्सा भई फिल्डबुक तयार भएकोमा निजले विष्णु माया स्याङ्तानलाई र.नं. ४२७९ मिति २०४०/०३/१३ मा राजिनामा पास गरी दिए पश्चात उल्लेखित जग्गा खरिदकर्ता विष्णु माया सिन्तान आफैले खरिद गरे पश्चात हाल सम्म पनि निरन्तर रुपमा भोग चलन गरी जोतभोग गर्दै आएकोले म निवेदक विष्णु माया सिन्तानको नाममा एकलौटी छुट जग्गा दर्ता दा.खा. गरीपाउँ भनि बकैया गाउँपालिका ६ नम्बर वडा कार्यालयको च.नं. ३३ मिति २०८१/०४/१८ को हकभोग समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, र.नं. ४२७९ मिति २०४०/०३/१३ को पारित राजिनामा लिखत, वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं./मि.नं. ०७५ मिति २०८१/०४/२० मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा दा. खा. गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/ निवेदक | |
| १ | काली बहादुर माझी हटिया पं. वडा नं. ८ बाबु-विरमान बाजे-नथु | हटिया | ८ | ७४५ | ०-१९-१९ | विष्णु माया सिन्तान | जिल्ला मकवानपुर, मौजे- ज्युना, रै.नं. ७० को जग्गाधनी विष्णु माया स्याङ्तान भएकोमा राजिनामा पास गरी काली बहादुर माझीबाट आएको कैफियतबाट देखिन्छ । |

*ईति संवत २०८२ साल फागुन महिनाको २८ गते रोज ५ शुभम्..................।*

अनूसुची-४१
(दफा ८० को उपदफा (२) र (३) संग सम्बन्धित)

## निर्वाचन खर्चको विवरण

श्री निर्वाचन आयोग,
काठमाडौ ।
वागमती प्रदेश निर्वाचन कार्यालय,
मकवानपूर जिल्ला ।

मकवानपूर जिल्ला, प्रतिनिधी सभा सदस्य निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधी सभा सदस्य पदको लागि म महालक्ष्मी उपाध्याय (डिना) उम्मेदवार भएकोमा सो सम्बन्धमा निज उम्मेदवारले गरेको सम्पूर्ण खर्चको विवरण प्रतिनिधी सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ तथा आयोगद्वारा स्वीकृत निर्वाचन आचार संहिताबमोजिम प्रस्तुत गरेको छु ।

**निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ:**

| क्र.सं. | खर्चको शीर्षक | कार्य परिमाण | खर्चको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चुनाव प्रचारप्रसार समाग्री (झण्डा, ब्यानर, नमूना मतपत्र, घोषणापत्र) | ४० वटा वडा | ८,६१,३१०। | |
| २ | प्रचारप्रसार सामाग्री ढुवानी (झण्डा, ब्यानर, नमूना मतपत्र, घोषणापत्र सामान) | ४० वटा वडा | २,००,०००। | |
| ३ | सवारी इन्धन | डिजेल | १,०३,३४९। | |
| ४ | स्टेशनरी खर्च | | १८,३५५। | |
| ५ | सम्पर्क कार्यालय (चुनाव प्रचारप्रसार कार्यालय) | ४० वटा वडा | ४,७५,०००। | नगरपालिका १५,००० र गाउँपालिका १०,००० का दरले |
| ६ | चुनाव प्रचारप्रसार घरदैलो कार्यक्रम गर्दा खाना खाजा खर्च | ४० वटा वडा | २,५०,०००। | |
| ७ | मतदान केन्द्रमा स्वयम्सेवक कार्यकर्ता खाजा खाना खर्च | ६२ वटा बुथमा | १२,४०,०००। | प्रतिबुथ २०,०००। का दरले |
| ८ | पाटी कार्यालय खर्च (चिया, पानी खाजा खर्च) | | १०,६९१। | |
| ९ | मनोनयन दर्ता | | ५,०००। | |
| | जम्मा | | ३१,६४,००५। | |

**उत्सब इटेनी**
निर्वाचन प्रतिनिधी, नेपाली कांग्रेस
सम्पर्क नम्बर :९८५५०६७५९५
मिती : २०८२।११।२८




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना